निर्वाचन आयोग

# प्रदेश निर्वाचन कार्यालय

## १ नं. प्रदेश, विराटनगर

Email Address :
deo.morang@election.gov.np
electionmorang@yahoo.com
फोन/फ्याक्स: 021-472990

निर्वाचन आयोग, नेपाल
प्रदेश निर्वाचन कार्यालय
प्रदेश नं. १, विराटनगर
२०७७

प.सं. ०७९/८०
च.नं. : ८८

विराटनगर- १०, तिनटोलिया सोमबारे हाट
मिति: २०७९/०५/०८

विषय: मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम २०७९ सम्बन्धमा ।

**अत्यन्त जरुरी**

श्री सबै स्थानीय तहहरु,
मोरङ जिल्ला।

प्रस्तुत विषयमा मिति २०७९ मंसिर ४ गते हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन प्रयोजनका लागि यस जिल्लामा मिति २०७९/०५/१२ देखि ऐ १९ गतेसम्म विभिन्न क्रियाकलापहरु सहित सञ्चालन हुने **मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम २०७९** सम्बन्धी सूचना यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । संलग्न सूचना सम्बन्धित स्थानीय तहको कार्यपालिकाको कार्यालयमा टाँस गरिदिने व्यवस्थाका लागि साथै कार्यक्रम सञ्चालनका लागि तपसिल बमोजिमको आवश्यक सहयोग र समन्वयका लागि अनुरोध छ ।

तपसिल

१. कार्यक्रमको सूचना सम्बन्धित स्थानीय तहका सबै वडा कार्यालयहरुमा मिति २०७९/०५/१२ गते प्रकाशन गर्ने व्यवस्था मिलाउनु हुन ।

२. यस कार्यालयबाट कार्यक्रमको लागि ताहाँ पालिकाको कार्यालयमा उपलब्ध गराइने वडागत मतदाता नामावली सम्बन्धित स्थानीय तहहरुले सबै वडा कार्यालयहरुमा मिति २०७९/०५/१२ गते प्रकाशन गर्ने व्यवस्था मिलाउनु हुन ।

३. प्रकाशित मतदाता नामावलीमा नाम भएका व्यक्तिहरु मध्ये बसाई सरी अन्यत्र गएका, मृत्यू भएका व्यक्तिहरुको विवरण (मतदाता नम्बर समेत अनिवार्य उल्लेख गरी) मिति २०७९/०५/१३ देखि २०७९/०५/१६ गते भित्र यस कार्यालयको ईमेल ठेगाना deo.morang@election.gov.np मा उपलब्ध गराउने व्यवस्थाका लागि सम्बन्धित स्थानीय तहहरुले मातहतका सबै वडाका स्थानीय पञ्जिकाधिकारीहरुलाई आवश्यक निर्देशन एवं समन्वयको अनिवार्य व्यवस्था मिलाउनु हुन ।

४. यसैसाथ संलग्न कार्यक्रम सम्बन्धी सूचनाको क्र.सं. २, ३, ४ र ५ मा उल्लेखित क्रियाकलापहरु सम्बन्धी निवेदन/सूचना/उजुरी यस कार्यालयमा मात्र दिने व्यवस्था भएकोले सम्बन्धित व्यक्तिले अनुसूची भरी ईमेल मार्फत पठाउन सहयोग मागेमा सम्बन्धित स्थानीय तह/मातहतका कार्यालयहरुले यस कार्यालयको ईमेल deo.morang@election.gov.np मा ईमेल गर्ने व्यवस्था मिलाउनु हुन । सम्बन्धित अनुसूचीहरु यसैसाथ संलग्न राखी पठाइएको छ ।

२०७९/०५/०८

लेवन काश्यप अधिकारी
प्रदेश निर्वाचन अधिकारी
प्रदेश निर्वाचन अधिकारी

बोधार्थ
श्री जिल्ला प्रशासन कार्यालय,
मोरङ :- आवश्यक सहयोग र समन्वयका लागि अनुरोध छ ।
श्री सबै स्थानीय तहहरुका सबै वडा कार्यालयहरु, मोरङ :- जानकारीको लागि अनुरोध छ ।